नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८२/८३
च.नं.

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय कोहलपुर बाँकेमार्फत इलेक्ट्रिक चुरोट (भेप)को अवैध ओसार पसार गरी प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजश्व समेत नतिरी नबुझाई राजश्व छली गरेको कसुरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जिल्ला हुम्ला सिमकोट गा.पा. वडा नं.३ बस्ने वर्ष २७ का पोन छतेन लामा तामाङ समेत ६ जना विरुद्ध सम्मानित श्री बाँके जिल्ला अदालतमा मिति २०८२।०७।२४ गते अभियोग पत्र दायर गरिएको छ।

जिल्ला हुम्ला सिमकोट गा.पा. वडा नं.३ बस्ने वर्ष २७ का पोन छतेन लामा तामाङ, जिल्ला मुगु खत्याड गा.पा. वडा नं. ५ बस्ने वर्ष ३२ का जनक बहादुर रोकाय, जिल्ला मुगु खत्याड गा.पा. वडा नं. ५ बस्ने वर्ष २७ का भुमी रोकाय, जिल्ला हुम्ला नाम्खा गा.पा. वडा नं.१ बस्ने वर्ष ३९ का पासाङ भन्ने प्रमोद लामा, जिल्ला हुम्ला नाम्खा गा.पा. वडा नं.१ बस्ने वर्ष ४८ का पेमा छिरिङ लामा, जिल्ला हुम्ला नाम्खा गा.पा. वडा नं.१ बस्ने वर्ष ४२ को कुन्साङ दोर्जी लामाले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई नियमानुसार तिर्नु/बुझाउनु पर्ने राजस्व रकम नतिरी/नबुझाई भन्सार छली चोरी पैठारी गरी ३९,९०० थान इलेक्ट्रिक चुरोट (भेप) नेपाल भित्र्याई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीतको कार्य गरी दफा ४ (ख), (छ) र (झ) बमोजिमको कसूर गरेको पुष्टी भएकोले प्रतिवादीहरु पोन छतेन लामा तामाङ, कुन्साङ दोर्जी लामा, पेमा छिरिङ लामा, पासाङ भन्ने प्रमोद लामालाई ऐ. ऐनको दफा २(छ१) बमोजिम जम्मा रु.५,९६,६०,९२२।-(पाँच करोड छयानब्बे लाख साठी हजार नौ सय बाइस रुपैया मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) वमोजिम बिगो जफत गरी बिगोको शतप्रतिशत जरिवाना गर्न तथा सोही ऐनको दफा २३(१) (ग) वमोजिम सजाय हुन तथा भन्सार छली चोरी पैठारीका मालसामानहरु ओसारपसारमा मुख्य प्रतिवादीहरुलाई सहयोग गरेको देखिएकाले सवारीधनी छिटुप तामाङ, नि. डिभिजन वन अधिकृत लोकजङ्ग शाही, फरेष्टर सन्तोष खत्री, वन रक्षक कृष्णबहादुर हमाल, सवारीचालक भुमी रोकाय र सहयोगी जनक वहादुर रोकायलाई ऐ.ऐनको दफा २३(३) बमोजिम मतियारको रुपमा सजाय हुन साथै बरामदित सामान ओसार पसार गर्न प्रयोग भएको ना.अ.प.आ.८३ नम्बरको सवारीसाधन ऐ.ऐनको दफा ३३(१) बमोजिम जफत हुन समेतको मागदावी लिई सम्मानित श्री बाँके जिल्ला अदालतमा मिति २०८२।०७।२४ गते अभियोगपत्र दायर गरिएको छ।

मितिः २०८२ साल कात्तिक २४ गते, सोमवार

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक

फयाक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np

Scanned with CamScanner